गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

बैठक संख्या २

आज मिति २०८३।०६।०६ गतेका दिन यस गैडहवा गाउँपालिका,रुपन्देहीका अध्यक्ष श्री सुरेन्द्र पौडयालको अध्यक्षतामा र देहायका गाउँ कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समयः विहान ८ बजे

स्थानः गाउँकार्यपालिकाको बैठक कक्ष

## उपस्थिति

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरेन्द्र पौडयाल | अध्यक्ष | |
| २ | माधुरी जैसवाल | उपाध्यक्ष | |
| ३ | प्रदिप कुमार चौधरी | सदस्य | |
| ४ | सराजुद्दीन धुनिया | सदस्य | |
| ५ | राम अजोर यादव | सदस्य | |
| ६ | सुरेन्द्र सिंह कुर्मी | सदस्य | |
| ७ | विजयकुमार शर्मा | सदस्य | |
| ८ | राजकुमार लोध | सदस्य | |
| ९ | लालबहादुर केवट | सदस्य | |
| १० | भुवनबहादुर राना मगर | सदस्य | |
| ११ | मिना क्षेत्री | सदस्य | |
| १२ | लता चौधरी | सदस्य | |
| १३ | शोभा अहिर | सदस्य | |
| १४ | कैलासी पासिन | सदस्य | |
| १५ | कलावती चमार | सदस्य | |
| १६ | श्रीराम कलवार | सदस्य | |
| १७ | बाबुलाल धोवी | सदस्य | |
| १८ | रोमनाथ न्यौपाने | सचिव | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | रचना गौतम | व.पु. अधिकृत | |
| २ | उत्तम न्यौपाने | IT officer | |
| ३. | सन्तोष कुमार थारु | सहायक अधिकृत | |
| ४. | महेन्द्र लोध | सर्वेक्षक | |
| ५. | महेश प्रसाद चौधरी | स.ले.प | |

प्रस्तावनाहरु:

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. गत वर्षको योजनाहरुको जिम्मेवारी सरेको भुक्तानी सम्बन्धमा ।

३. गैडहवा गाउँपालिकाको शैक्षिक बिकासको लागि सेवाको गुणस्तर अभिबृद्धि कार्यक्रम स्वीकृति तथा कार्यान्वयन सम्बन्धमा ।

४. स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकास सम्बन्धमा

५. विभिन्न कार्यविधिहरू

क. तीन पाङ्ग्रे सवारी साधन व्यवस्थापन कार्यविधि,२०८३

ख. गैडहवा गाउँपालिका नदीजन्य पदार्थ धुलाई सेवा केन्द्र (वासिङ्ग सेन्टर) स्थापना तथा सञ्चालन कार्यविधि २०८३

ग. गैडहवा गाउँपालिकाको निजी तथा स्थानीय व्यापारिक फर्म/व्यवसाय दर्ता, अनुमति, नवीकरण तथा नियमन कार्यविधि,२०८३

घ. गैडहवा गाउँपालिकाको योजना तथा कार्यक्रम अनुगमन मुल्याङ्कन कार्यविधि २०८३

६. विविध ।

६.१ उपभोक्ता समिति गठन सम्वन्धी

६.२ घ बर्गको ईजाजत पत्र उपलब्ध गराउने सम्वन्धी ।

६.३ सवारी साधन मर्मतको रकम भुक्तानी सम्वन्धमा ।

६.४ कीत्तागत जग्गा वर्गीकरण संशोधन सम्बन्धमा ।

६.५ आ.व.२०८२।८३ को वार्षिक प्रगति समिक्षा प्रतिबेदन सम्वन्धमा ।

निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं १ माथि छलफल गर्दा गत बैठकका निर्णयहरूको कार्यान्वयन अवस्था सन्तोषजनक पाईयो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा गत आर्थिक वर्ष २०८२।८३ को योजना तथा कार्यक्रममा समावेश भई कार्यसम्पन भएका र रकम अभावको कारण भुक्तानी हुन बाँकी रहेका तपसिल बमोजिमका योजनाहरुको भुक्तानी आ.व. २०८२।८३ को मा भुक्तानी हुन

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित प्रतिलिपि

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

नसकेका दायित्व भुक्तानी बाट उपलब्ध गराउने र नपुग रकम रु. १०६,८७२/- समपुरक शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

| कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | | भुक्तानी दिन बांकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|
| ५ | ६ | ७ | ८ | ९ |
| वडा नं.६ र वडा नं.८ मा ग्राभेल | श्री एम.आर.कन्ट्रस्कसन गैडहवा-६ सुर्यपुरा रुपन्देही | ८८३००० | ८८३००० | आ.व. २०८२/८३ आन्तरिक राजस्वको रकम लक्ष्य अनुरुप संकलन हुन नसेककोले भुक्तानी हुन नसेकेको |
| लोधपुरवामा तटबन्ध निर्माण | श्री आर.बी.कन्ट्रक्सन लु .स.न.पा -२ रुपन्देही | ९५२२१७ | ९५२२१७ | |
| झरबैरा छठघट तथा बकौली अधुरो कालीमाई मन्दिर वडा नं.१,समयमाई थान ट्रस तथा शौचालय निर्माण लोण्डिहवा वडा ३ | श्री निकिता निर्माण सेवा ,१,रुपन्देही | ७५६२७४. | ७५६२७४ | |
| भवन निर्माण | श्री अलिजा निर्माण सेवा | ६१०५१९.६४ | ६१०५१९ | |
| नाली निर्माण | श्री सोनु निर्माण सेवा लु.स.न.पा.१०,रुपन्देही | ६२०२२८.४८ | ५८४५५१ | |
| विधुत तार,पोल तथा सडक बत्ती हयुम पाइप कृषि सचाई तथा बोरिङ्ग हेण्डपाइप जडान | श्री एस.के.निर्माण सेवा | ६३७१६५.७६ | ६३७१६५.७६ | |
| नोनौली दुर्गा मन्दिर अधुरो गैडहवा २ | ननौली दुर्गा मन्दिर अधुरो गैडहवा-२ | ४८०००० | ४७३२९३ | |
| भवन निर्माण | ठकुरापुर मलवारदेवी अधुरो भवन निर्माण उ.स गैडहवा-७ | ५७३०६२ | ५६४६६७ | |
| सडक निर्माण | तेलीनडीह नाली तथा विभिन्न निर्माण कार्य वडाको विभिन्न ठाउँमा सडक सिचाई कुलो सरसफाई तथा तटबन्ध गैडहवा-५ | ७४५०३६ | ७३३८१६ | |
| बत्ती जडान | श्री एम.ह्याप कन्ट्रकसन एण्ड सप्लयार्स प्रा.ली. | ९५२०७४ | ९५२०७४ | |
| बाटो निर्माण | सिहवाको विभिन्न ठाउँमा अधुरो बाटो निर्माण उ.स गैडहवा - ५ | ५२५०१४ | ५१७०२४ | |
| बोर जडान | तरामति लोध | ८०००० | ८०००० | |
| पि.सि.सि.ढलान | सल्ला कोहाँरको घर निर पि.सि.सि.ढलान वडा न ७ | ३८१९३६.४ | ३७६२३०.४ | |
| पि.सि.सि.ढलान र ग्राभेल बाटो | श्री भुसाल इन्जिनियारिङ्ग | ९१८५४२ | ९१८५४२ | |
| बोर जडान | कृषि बोर जडान वडा न.१-२-३-४-५ उ.स. | ८९४७६३.२ | ८८०८३६.२ | |
| अधुरो भवन निर्माण र तटबन्ध निर्माण | श्री एके कन्ट्रक्सन | ९५९१४४ | ९५९१४४ | |
| पि.सि.सि.ढलान | लोण्डिहवा देखी सिहवा जाने बाटो पि.सि.सि.ढलान गैडहवा-५ | ९४४९२८ | ९३०५३४ | |
| भवन निर्माण र कन्चन बाँध तथा सिचाई योजना | श्री राइजिङ्ग लुम्बिनी निर्माण सेवा लु.स.न.पा.-११ रुपन्देही | ५८९५१० | ५५५६०० | |
| पि.सि.सि.ढलान र खाल्डा खुल्डी पुर्ने काम | श्री शोभा लक्ष्मी कन्ट्रक्सन सि.न.पा.-१३ रुपन्देही | ९२५२१७ | ९२५२१७ | |
| भुजौली चम्किया जाने बाटोमा कल्भर्ट निर्माण | भुजौली चम्किया जाने बाटोमा कल्भर्ट निर्माण योजना वडा न.१ | १२६०१७ | १२६०१७ | |
| डिल बनाउने कार्य | श्री न्यु जि.एस. के.ट्रेड्स प्रा.ली. | ५६६३५.६ | ५५५४३.१३ | |
| | | | १३४७२२७२ | |

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा गैडहवा गाउँपालिकाको शैक्षिक बिकासको लागि सेवाको गुणस्तर अभिबृद्धि कार्यक्रम शिक्षा समितिको सिफारिस समेतको आधारमा तपसिल बमोजिम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.स. | आयोजना वा कार्यक्रमका क्षेत्रहरु | लक्षित समूह | आ.व २०८३/०८४ | | कार्यक्रम कार्यान्वयन विधि |
|---|---|---|---|---|---|
| | | | भौतिक लक्ष्य | लागत अनुमान | |
| १ | **'सूचना प्रविधिमा आधारीत शिक्षामा जोड, कक्षा कोठामा डिजिटल वोर्ड'' भन्ने आदर्श वाक्य पूरा गर्न सामुदायिक विद्यालयमा लागि डिजिटल वोर्ड व्यवस्थापन** | **सामुदायिक विद्यालय** | **११** | **२८०००००** | बोलपत्र |
| २ | **सामुदायिक विद्यालयका विद्यार्थी संख्या, कक्षाकोठा र आवश्यक संख्याको आधारमा डेस्क वेन्च खरीद तथा व्यवस्थापन (आवश्यकता अनुसार आ.वि.मा समेत)** | **सामुदायिक विद्यालय** | **११** | **३२०००००** | बोलपत्र |
| ३ | **सवै सामुदायिक तथा धार्मिक विद्यालयमाको बालकक्षामा अध्ययनरत विद्यार्थीको लागि बालमैत्रीयुक्त कक्षा कोठा निर्माणको लागि खेल सामाग्री सहितको बाल कक्षा व्यवस्थापन** | **२२ वटा सामुदायिक विद्यालयको बालकक्षा का विद्यार्थी** | **११** | **३३०००००** | बोलपत्र |
| ४ | अभिभावक आमा वा बाबु वा दुवै गुमाएर बेसहरा भएका विद्यार्थी, दलित तथा आर्थिक रुपले विपन्न भइ बिचमै पढाइ छाड्ने अवस्थामा पुगेका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको लागि न्यूनतम शैक्षिक सामाग्री अन्तर्गत कापी लगायतको सामग्री खरिद तथा वितरण | तोकीएका विद्यार्थी | ३०० | ९००००० | बोलपत्र वा खुला सुचना वा कोटेशन |
| ५ | धार्मिक विद्यालय (मदरसा) को बालकक्षामा अध्ययनरत विद्यार्थीको लागि उपर्युक्त हुने कार्पेट (फर्म), कुशन खरीद तथा वितरण | १३ मदरसमा अध्ययरत बालकक्षाका विद्यार्थी | १००० | १०००००० | सिलबन्दी दरभाउपत्र |
| ६ | आधारभूत शिक्षाको जग बलियो बनाउन,आधारभूत तहका (१-५) शिक्षकको लागि कक्षा कोठामा आधारीत पेसागत तालिम व्यवस्थापन | शिक्षक | १५० | ६००००० | परामर्श सेवा वा शाखा आफै |
| ७ | निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकको लागि पेशागत क्षमता विकास तालिम | शिक्षक | ७० | ४००००० | परामर्श सेवा वा शाखा आफै |
| ८ | सामुदायिक र धार्मिक विद्यालयमा प्रधानाध्यापकको पेसागत क्षमता विकास तालिम | प्रधानाध्यापक | ३५ | ३००००० | परामर्श सेवा वा शाखा आफै |
| ९ | बालकक्षाका सहजकर्ताको लागि बालकक्षामा व्यवस्थापन गर्न सकिने कम मूल्य पर्ने र मुल्यनै नपर्ने शैक्षिक सामग्री निर्माण कार्याशाला संचालन तथा सामयिक क्षमता विकास कार्यक्रम | वाल विकास सहजकर्ता | ४२ | ५००००० | परामर्श सेवा वा शाखा आफै |

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १० | कलिला मस्तिष्क सहित बालकक्षामा भर्ना हुन आउने विद्यार्थीको लागि ALL IN ONE फर्मेटमा विद्यालयमा स्वागत पुस्तिका खरिद तथा वितरण | बालकक्षामा भर्ना हुने विद्यार्थी | ३५०० | ७००००० | बोलपत्र वा खुला सुचना वा कोटेशन |
| ११ | विद्यालयको शौचालय मर्मत संभार, खानेपानी व्यवस्थापन, घेरावार लगायत पुरक कार्यको निर्माण कार्य (आवश्यकताको आधारमा अनुगमन गरी विद्यालय छनौट गर्ने) | विद्यालय | ११ | ४०००००० | बोलपत्र |
| | जम्मा | | ५१४१ | १७७००००० | |

## निर्णय नं. ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा चालु आ.व. २०८३/०८४ मा कार्यान्वयन हुने संघीय सशर्त मार्फत स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकास कार्यक्रम अन्तर्गत रु. ५५ लाख रकम विनियोजन भई आएकाले विद्यालय भवन आवश्यकताका आधारमा शिक्षा समितिको सिफारिसमा पोहवा मा.वि. छनौट गर्ने निर्णय गरियो ।साथै लागत साझेदारी रकम १०% गाउँपालिकाको समपुरक बाट भुक्तानी हुने गरी गाउँपालिकाबाट बोलपत्रको माध्यमबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं ४ माथि छलफल गर्दा तपसिलका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

क. तीन पाङ्ग्रे सवारी साधन व्यवस्थापन कार्यविधि,२०८३

ख. गैडहवा गाउँपालिका नदीजन्य पदार्थ धुराई सेवा केन्द्र (वासिङ्ग सेन्टर) स्थापना तथा सञ्चालन कार्यविधि २०८३

ग. गैडहवा गाउँपालिकाको निजी तथा स्थानीय व्यापारिक फर्म/व्यवसाय दर्ता, अनुमति, नवीकरण तथा नियमन कार्यविधि,२०८३

## निर्णय नं. ६.१

प्रस्ताव नं ६.१ माथि छलफल गर्दा सार्वजनिक खरिद नियमावली २०६४(१६ औ संशोधन) को दफा ९७ बमोजमि उपभोक्ता समिति गठन गरी कार्यान्वय गर्ने निर्णय गरियो ।साथै

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुरा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गैडहवा गाउँपालिकाको उपभोक्ता उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.२

प्रस्ताव नं ६.२ माथि छलफल गर्दा तपसिल बमोजिमको घ वर्गको निर्माण व्यवसायि ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो।

तपसिलः

क. यशोधरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स गैडहवा-६

ख. पवित्रा कन्स्ट्रक्सन गैडहवा – ५

निर्णय नं. ६.३

प्रस्ताव नं ६.३ माथि छलफल गर्दा आ.ब.२०८२।०८३ मा यस गैडहवा गाउँपलिकाको गाडी न. BAA१२७३ -लु.१झ ३७२_नम्बर प्लेटको महिन्द्रा स्कारपियो दाङ जिल्लाको धान खोला नजिक पैदल यात्रीलाई वचाउने क्रममा पुलमा ठोकिदा गाउँपलिकाको गाडीको आगाडी पट्टीको भाग क्षति हुन पुगेको र उक्त क्षति भएको महिन्द्रा स्कारपियो मैनाबगर अटो ल्याण्ड,वुटवलमा मर्मत सम्भार गरि रु २,४४,९२३।० को विल समेत क्षति पूर्तीका लागि नेको इन्सुरेन्स लि.शाखा कार्यालय भैरहवामा पेश गरेकोमा वीमा कम्पनीबाट यस पालिकाको आन्तरिक राजस्व खातामा रु १,३५,०००।० रकम प्राप्त भएको र रु ५५०००।० मात्र भुक्तानी गर्न बाँकी रहेको हुदाँ हाल कुल रकम रु १,९०,०००।०अक्षरुपी एक लाख नब्बे हजार मात्र भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.४

प्रस्ताव नं ६.४ माथि छलफल गर्दा गैडहवा गाउँपालिका वडा नं. ५ बस्ने जुडावन कुर्मीको छोरा जोखन कुर्मी (ना नं. ७३३७८) ले साविक विष्णुपुरा वडा नं. ६ ख को कि.नं. ४१ को ज.वि.०-२-१३ जग्गा आवासिय हुनुपर्नेमा भुलवस कृषि योग्य लेख्न गएकोमा संशोधन गरि आवासिय कायम गरी पाउ भनि सिफारिस भएको हुँदा वडाको सिफारिस अनुसार उक्त जग्गा आवासिय कायम गरी दिनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

६.५ आ.व.२०८२।८३ को वार्षिक प्रगति समिक्षा प्रतिबेदन स्वीकृत गर्ने निर्णय गरियो । ।